यहि मिति २०८० साल असार १० गतेदेखि यस सिलीचोङ गाउँपालिकाका अध्यक्ष श्री भुपाल राज मेवाहाङज्युको अध्यक्षतामा सिलीचोङ गाउँपालिकाको गाउँसभाको १३ औं अधिबेशन बैठक तपसिल बमोजिमका गाउँसभा सदस्यहरुको उपस्थितिमा बसी तल उल्लेख भए बमोजिम प्रस्ताबहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

## उपस्थिति :

| क.सं. | पदाधिकारिहरुको नाम थर | पद | हस्ताक्षर | | |
|---|---|---|---|---|---|
| | | | २०८०/०३/१० | २०८०/०३/११ | २०८०/०३/१२ |
| १ | श्री भुपाल राज राई | गाउँसभा अध्यक्ष | | | |
| २ | श्री देविता राई | गाउँसभा उपाध्यक्ष | | | |
| ३ | श्री गणेश राई | गाउँसभा सदस्य | | | |
| ४ | श्री मोहन शम्सेर राई | गाउँसभा सदस्य | | | |
| ५ | श्री प्रताप सिंह तामाङ | गाउँसभा सदस्य | | | |
| ६ | श्री देबेन्द्र राई | गाउँसभा सदस्य | | | |
| ७ | श्री ईश्वर राई | गाउँसभा सदस्य | | | |
| ८ | रेबिका रसाईली | गाउँसभा सदस्य | | | |
| ९ | श्री मन कुमारी राई | गाउँसभा सदस्य | | | |
| १० | श्री शारदा कुमारी राई | गाउँसभा सदस्य | | | |
| ११ | श्री सन्तोष राई | गाउँसभा सदस्य | | | |
| १२ | श्री सागर राई | गाउँसभा सदस्य | | | |
| १३ | श्री लक्ष्मी बिश्वकर्मा | गाउँसभा सदस्य | लक्ष्मी | लक्ष्मी | लक्ष्मी |
| १४ | श्री हेम राज राई | गाउँसभा सदस्य | | | |
| १५ | श्री मणि कुमार राई | गाउँसभा सदस्य | | | |
| १६ | श्री ईना बिश्वकर्मा | गाउँसभा सदस्य | | | |
| १७ | श्री बुद्रोस राई | गाउँसभा सदस्य | | | |
| १८ | श्री मुना विश्वकर्मा | गाउँसभा सदस्य | मुना विश्वकर्मा | मुना विश्वकर्मा | मुना विश्वकर्मा |
| १९ | श्री पहल मान राई | गाउँसभा सदस्य | | | |
| २० | श्री टिका राम राई | गाउँसभा सदस्य | | | |
| २१ | श्री अमन राई | गाउँसभा सदस्य | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | श्री जमुना राई | गाउँसभा सदस्य | | | |
| २३ | श्री भोला मान राई | गाउँसभा सदस्य | | | |
| २४ | श्री मिलन कार्की | गाउँसभा सदस्य | | | |
| २५ | श्री छत्र कुमार राई | गाउँसभा सदस्य | | | |
| २६ | श्री सोना गाम्जो शेर्पा | गाउँसभा सदस्य | | | |
| २७ | श्री अनिता दर्जी | गाउँसभा सदस्य | अनिता दर्जी | अनिता दर्जी | अनिता दर्जी |
| २८ | श्री भद्र बहादुर राई | सचिव | | | |

प्रस्ताव नं.-१

सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा करार सेवामा कार्यरत सम्पुर्ण प्राबिधिक तथा अप्राधिक कर्मचारीहरुको १ वर्ष करार सेवा थप सम्बन्धि प्रस्ताव तथा बिगत आ.व. हरुमा खाईपाई आएको तलब, प्रोत्साहन भत्ता तथा सेवा सुबिधा निरन्तरता सम्बन्धि प्रस्ताव ।

**प्रस्तावकः- वडा अध्यक्ष, सार्वजनिक सेवा तथा क्षमता बिकास समितिका संयोजक तथा कार्यपालिका सदस्य श्री प्रताप सिंह तामाङ**

श्री प्रताप सिंह तामाङले पेश गर्नु भएको सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा करार सेवामा कार्यरत सम्पुर्ण प्राबिधिक तथा अप्राबिधिक कर्मचारीहरुको १ वर्ष करार सेवा थप सम्बन्धि प्रस्ताव तथा बिगत आ.व. हरुमा स्थायी तथा करार कर्मचारीहरुले खाईपाई आएको प्रोत्साहन भत्ता लगायत सेवा सुबिधा निरन्तरता सम्बन्धि प्रस्ताव सर्बसम्मत रुपले पास गरियो ।

**करार दरबन्दीको सुची**

| क.सं. | सेवा/समुह | पद | संख्या | तह |
|---|---|---|---|---|
| १ | ईन्जिनियरिङ सेवाका प्राबिधिकहरु | ईन्जिनियर | १ | अधिकृत छैटौं |
| | | सव ईन्जिनियर | २ | पाचौं |
| | | असिष्टेन्ट सव ईन्जिनियर | ३ | चौथो |
| २ | प्रधानमन्त्री रोजगार शाखा | रोजगार संयोजक | १ | अधिकृत छैटौं |
| | | सव ईन्जिनियर | १ | पाचौं |
| | | सहायक रोजगार संयोजक | १ | पाचौं |
| ३ | कृषि सेवा शाखा | कृषि स्नातक | १ | अधिकृत छैटौं |
| | | एक गाउँ एक प्राबिधिक | ४ | चौथो |
| ४ | पशु सेवा शाखा | नायव पशु सेवा प्राबिधिक | २ | चौथो |
| | | कार्यालय सहयोगी | १ | श्रेणी बिहिन |

| | | | | |
|---|---|---|---|---|
| ५ | पन्जिकरण शाखा | फिल्ड सहायक | २ | चौथो |
| ६ | उद्यम बिकास शाखा | उद्यम बिकास सहज कर्ता | २ | चौथो |
| ७ | गाउँ कार्यपालिका | सहायक कम्प्युटर अपरेटर | १ | चौथो |
| | | कार्यालय सहयोगी | ९ | श्रेणी बिहिन |
| ८ | स्वास्थ्य शाखा तर्फ | मेडिकल अधिकृत | १ | आठौं |
| | | स्टाफ नर्स | १ | पाचौं |
| | | हे.अ. | २ | पाचौं |
| | | अ.हे.व. | १६ | चौथों |
| | | अ.न.मी. | १४ | चौथों |
| | | ल्याव असिष्टेन्ट | १ | चौथौं |
| | | डार्क रुम असिष्टेन्ट | १ | चौथो |
| | | अप्थाल्मिक असिष्टेन्ट | १ | पाचौं |
| | | कार्यालय सहयोगी | ८ | श्रेणी बिहिन |
| ९ | करुणा फाउण्डेशन | समुदायमा आधारित पुर्नस्थापना सहज कर्ता | ३ | चौथो |
| १० | अपांगता सहायता कक्ष | अपांगता दर्ता सहयोगी | १ | चौथो |
| ११ | सवारी चालक | हेभी सवारी चालक | १ | प्रथम |
| | | हल्का सवारी चालक | १ | प्रथम |
| १२ | ब्याहुलोडर चालक सहयोगी | ब्याहुलोडर चालक सहयोगी | १ | श्रेणी बिहनि |
| १३ | शिक्षा शाखा | प्रा.बि. शिक्षक | २ | प्रा.शि.तृतिय |
| | | नि.मा.बि.शिक्षक | १२ | नि.मा.शि.तृतिय |
| | | कम्प्युटर शिक्षक | ४ | नि.मा.शि.तृतिय |
| १४ | सुचना प्रबिधि शाखा | सुचना प्रबिधि अधिकृत | १ | अधिकृत छैटौं |
| १५ | गरिव संग बिश्वेश्वर | समाजिक परिचालक | १ | चौथो |
| १६ | ईलेक्ट्रिकल | ईलेक्ट्रिसियन | १ | चौथो |

**<u>प्रस्ताव नं.२</u>**

सिलीचोङ गाउँपालिका गाउँकार्यपालिका अन्तर्गतका बिभिन्न वडाहरुमा मेलमिलाप कर्ताहरुको रुपमा कार्य गर्न ईच्छुक ब्यक्तिहरुको सुचिकरण अनुमोदन सम्बन्धि प्रस्ताव ।

**प्रस्तावक: वडा सदस्य, सिलीचोङ गाउँपालिका गाउँकार्यपालिकाको न्यायीक समितिका सदस्य कार्यपालिका सदस्य सदस्य श्री मन कुमारी राई ।**

प्रस्तावक श्री मन कुमारी राईले पेश गर्नुभएको यस सिलीचोङ गाउँपालिका गाउँ कार्यगाउँपालिका अन्तर्गतका बिभिन्न वडाहरुमा मेलमिलाप कर्ताहरुको रुपमा कार्य गर्न ईच्छुक व्यक्तिहरुको दोश्रो पटक सपथ ग्रहण गरी सुचिकरण भएका मेलमिलाप कर्ता अनुमोदन सम्बन्धि प्रस्ताव वहुमतले पास गरियो ।

**तपशिल**

| दर्ता नं. | नाम, थर | ठेगाना |
|---|---|---|
| ६ | श्री सइन्द्र राई | सिलिचोङ १ |
| ७ | श्री अकविला राई | सिलिचोङ ३ |
| ८ | श्री भगत कुलुङ राई | सिलिचोङ ३ |
| ९ | श्री दिल कुमारी राई | सिलिचोङ १ |
| १० | श्री गोविन्द कार्की | सिलिचोङ ५ |
| ११ | श्री मन्जु राई | सिलिचोङ ४ |
| १२ | श्री सिता राई | सिलिचोङ २ |
| १३ | श्री चिरन्जीवी राई | सिलिचोङ २ |
| १४ | श्री जितेन्द्र राई | सिलिचोङ ५ |

**प्रस्ताव नं.-३**

बिधायन समितिले निर्माण गरी कार्यपालिका बैठकबाट अनुमोदन भई कार्यन्वयनमा रहेका कार्यबिधि, ऐन, नीति, नियमावली, निर्देशिका, मापदण्ड तथा आधारको प्रगती पेश तथा अनुमोदन सम्बन्धि प्रस्ताव ।

**प्रस्तावकः- बिधायन समितिका संयोजक तथा कार्यपालिका सदस्य श्री सन्तोष राई**

श्री सन्तोष राईले पेश गर्नु भएको बिधायन समितिले हाल सम्म निर्माण गरी कार्यपालिका बैठकले अनुमोदन गरी कार्यन्वयमा रहेका कार्यबिधि, ऐन, नीति, नियमावली, तथा निर्देशिका, मापदण्ड तथा आधारहरु तपशिल बमोजिम अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

| क.सं. | कार्यबिधिहरु |
|---|---|
| १ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने २०७४ |
| २ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको बिपद् ब्यवस्थापन तथा कोष सन्चालन कार्यबिधि २०७५ |
| ३ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि |

| | |
|---|---|
| | २०७४ |
| ४ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको बिकास योजना संचालन तथा ब्यवस्थापन कार्यबिधि २०७५ |
| ५ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कर्मचारी ब्यवस्थापन तथा सेवा शर्त सम्बन्धी कार्यबिधि २०७४ |
| ६ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा ब्यवस्थापन सम्बन्धि कार्यबिधि २०७५ |
| ७ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको गाउँसभा सन्चालन कार्यबिधि २०७४ |
| ८ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको परामर्श सेवाको नियुक्ति तथा, सुबिधाको शर्त सम्बन्धि कार्यबिधि २०७४ |
| ९ | सिलीचोङ गाउँपालिका गाउँ कार्यकार्यपालिकाको बैठक संचालन सम्बन्धि कार्यबिधि २०७४ |
| १० | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको बैठक तथा भ्रमण खर्च सम्बन्धि कार्यबिधि २०७४ |
| ११ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको बिकास संचालन तथा ब्यवस्थापन कार्यबिधि २०७५ |
| १२ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धि कार्यबिधि २०७६ |
| १३ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको ईन्जिनियरिङ सेवाका प्राबिधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धि कार्यबिधि २०७६ |
| १४ | सिलीचोङ गाउँपालिका गाउँकार्यपालिकाको करार कर्मचारी कल्याण कोष सम्बन्धि कार्यबिधि २०७६ |
| १५ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको बिद्यालय कर्मचारीहरको अतिरिक्त सुबिधा सम्बन्धि कार्यबिधि २०७६ |
| १६ | सिलीचोङ गाउँपालिकाको एम्बुलेन्स संचालन सम्बन्धि कार्यबिधि २०७६ |
| १७ | सिलीचोङ गाउँपालिकाको अपांगता भएका ब्यक्तिहरुको परिचयपत्र बितरण कार्यबिधि २०७६ |
| १८ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको जल श्रोत मुहान दर्ता कार्यबिधि २०७७ |
| १९ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको खेलकुद कार्यबिधि २०७७ |
| २० | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको बिद्यार्थी सिकाई सहजीकरण सम्बन्धी कार्यबिधि २०७८ |
| २१ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको ब्याकहोलोडर सन्चालन सम्बन्धी कार्यबिधि २०७८ |
| २२ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको मेलमिलाप कार्य सन्चालन कार्यबिधि २०७९ |
| २३ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको बाली बिज्ञान शिक्षक प्रोत्साहन रकम सम्बन्धी कार्य बिधि २०७९ |
| २४ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको बिपन्न नागरिक औषधी उपचार सन्चालन कार्यबिधि २०७९ |
| २५ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको सडक सरसफाई तथा सडक हेरालु ब्यवस्थापन कार्यबिधि २०७९ |
| २६ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको टोल बिकास संस्था (गठन तथा परिचालन) कार्यबिधि २०७९ |
| २७ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको बाल अधिकार संरक्षण कार्यबिधि २०८० |

| | |
|---|---|
| २८ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको छात्रबृती सम्बन्धी कार्यबिधि २०८० |
| २९ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको भु उपयोग कार्यन्वयन सम्बन्धी कार्यविधी २०८० |
| ३० | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको नगर प्रहरी सन्चालन तथा ब्यवस्थापन कार्यबिधि २०८० |
| ३१ | घ वर्गको निर्माण ब्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यबिधि २०७७ |
| | **ऐन** |
| १ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको प्रशासकीय कार्यबिधि (नियमित गर्ने) ऐन २०७४ |
| २ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनु पर्ने (कार्यबिधि) ऐन २०७८ |
| ३ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको पुर्वाधार ब्यवस्थापन ऐन २०७४ |
| ४ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको सहकारी ऐन २०७६ |
| ५ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा ऐन २०७६ |
| ६ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको संस्था दर्ता ऐन २०७८ |
| | **नियमावली** |
| १ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको (कार्य सम्पादन) नियमावली २०७४ |
| २ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको (कार्यबिभाजन) नियमावली २०७४ |
| | **निर्देशिका** |
| १ | सिलीचोङ गाउँपालिकाको कार्य सन्चालन निर्देशिका २०७८ |
| | **मापदण्ड तथा आधार** |
| १ | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको भु-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधार २०८० |
| | **नीति** |
| | सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको उर्जा नीति |

**प्रस्ताव नं.-४**

न्यायीक समितिले आ.व.०७९/०८० मा गरेको प्रगती अनुमोदन सम्बन्धि छलफल ।

**प्रस्तावकः- वडा नं.-१ का वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा बिपद ब्यवस्थापन तथा न्यूनिकरण समितिका संयोजक श्री गणेश राई**

श्री गणेश राईले पेश गर्नु भएको न्यायीक समितिले गरेको आ.व.०७९/०८० को प्रगती तपशिल बमोजिम अनुमोदन गर्ने सर्बसम्मत निर्णय गरियो ।

तपशिल

| क.सं. | कार्य प्रगती |
|---|---|
| १ | न्ययीक समितिका पदाधिकारी, जनप्रतिनिधी र कर्मचारीहरुलाई क्षमता बिकास तालिम-१ |

| | |
|---|---|
| | पटक |
| २ | मेलमिलाप सम्बन्धि तालिम-१ पटक |
| ३ | मेलमिलाप कर्ताहरुलाई सपथ ग्रहण- १४ जना |
| ४ | न्यायीक समितिको ईजालस स्थापना- पालिका स्तरमा |
| ५ | सबै वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गर्ने निर्णय |
| | उजुरी दर्ता तथा फर्छ्यौटको अवस्था |

| क.सं. | उजुरीको प्रकार | संख्या | कैफियत |
|---|---|---|---|
| १ | गाली गलौज | १ | फर्छ्यौट भएको |
| २ | लेनदेन | २ | २ वटा फर्छ्यौट भएको, |

**निर्णय नं.-५**

सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको आ.व.२०७८/०७९ को अन्तिम लेखापरीक्षणको कममा महालेखा परीक्षकको बिभागबाट औल्याएको बेरुजु सम्बन्धि प्रस्ताव ।

**प्रस्तावकः- कार्यपालिका सदस्य श्री सागर राई**

प्रस्तावक श्री सागर राईले पेश गर्नु भएको सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. ०७८/०७९ को अन्तिम लेखा परीक्षणको कममा महालेखा परीक्षकको बिभागबाट सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा औल्याएको बेरुजु सम्बन्धि तल उल्लेख भए बमोजिमका प्रस्ताव महा लेखा परीक्षकको कार्यालयमा आवश्यक कागजात पुर्याई बेरुजु असुल उपर शिर्षकबाट हटाउन अनुरोध गर्ने प्रस्ताव बहुमतले पास गर्ने सर्बसम्मत निर्णय गरियो ।

(क) आ.व.२०७८/०७९ को असुल उपर गर्नु पर्ने बेरजु सम्बन्धमा ।

| क.सं. | बिषय | जम्मा बेरुजु रकम रु. |
|---|---|---|
| १ | पदाधिकारीहरुको सेवा सुबिधा बढी भुक्तानी सम्बन्धमाः-<br>लेखा परीक्षण प्रतिबेदनको क.सं. २४ भौचर नं.२४३ भौचर मिति २०७९/०३/२५ गते पदाधिकारीहरुको सेवा सुबिधा प्रदान गर्दा पालिकाले पदाधिकारीहरुको जेष्ठ महिनालको सेवा सुबिधा नयाँ निर्बाचित पदाधिकारीहरुको जेष्ठ ६ गते देखि सेवा सुबिधा प्रदान गर्नु पर्नेमा पदाधिकारीहरुको ५ दिन बराबरको हुन आउने रकम बढी भुक्तान भएको र उक्त बढी भुक्तानी हुन गएको रकम महालेखा परीक्षकले औल्याए बमोजिमको रकम सम्बन्धित बैंक खाातामा जम्मा गरी सकेको हुदाँ आवश्यक कागजात पुरा गरी म.ले.नि.का. संग बेरुजु रकम फछ्र्यौट गर्ने अनुरोध गर्ने सर्बसम्मत निर्णय गरियो । | ५१०२० |
| २ | प्रबिधि हस्तान्तरण कार्यकम सम्बन्धमाः- | ६२८३१ |

| | | |
|---|---|---|
| | लेखा परीक्षण प्रतिबेदन क.सं. ३७ गरिवी निवारणका लागि उद्यम बिकास कार्यक्रम सन्चालन निर्देशिका २०७७ को पच्छिेद-४ को दफा २८ (९) अनुसार उद्यमीहरुलाई प्रबिधि हस्तान्तरण गर्न सक्ने तथा दफा ४१ (२) मा उद्योगको प्रकृती, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रबिधि उपलब्ध गराईएको प्रबिधिको कुल लागतको कम्तिमा बीस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नु पर्ने उल्लेख भएकोमा निर्देशिका अनुसार उद्यमीको तर्फबाट साँझेदारी जम्मा रकम रु.६२८३१।- साझेदारी नदेखिएको र सो वापतको रकम मखमली ढाका समुहको नाममा रु.२६२८८।-, सिलीचोङ उद्यम बिकास कुक समुहको नाममा रु.५७२०।-, सिर्जनशिल वाईरिङ समुहको नाममा रु.६०२०।- र सिर्जनशिल सिलाई कटाई समुहको नाममा रु.२४८०३।- संघीय संचित कोषमा दाखिला गर्नु पर्ने लेखा परिक्षकले औल्याएको र सो बराबरको रकम समेत दाखिला भई सकेको हुदाँ दाखिला भएको कागजात पेश गरी बेरुजु फर्छ्यौट गर्न म.ले.नि.का. संग अनुरोध गर्ने सर्बसम्मत निर्णय गरियो । | |

**प्रस्ताव नं. ६**

सिलीचोङ गाउँपालिकाको आ.ब. ०७९/८० को बाह्रो देखि १८ औं सम्मको कार्यपालिका बैठकले गरेका निर्णयहरु अनुमोदन सम्बन्धि प्रस्ताव ।

**प्रस्तावक: श्री देबेन्द्र राई, भौतिक पुर्वाधार बिकास समिति संयोजक, वडा नं. ४ का वडाध्यक्ष**

प्रस्तावक भौतिक पूर्वाधार बिकास समितिका संयोजक तथा वडा नं. ४ का वडाध्यक्ष श्री देबेन्द्र राईले पेश गर्नुभएको सिलीचोङ गाउँपालिकाको आ.ब. ०७९/८० को बाह्रो कार्यपालिका बैठक देखि १८ औं सम्मका कार्यपालिकाको बैठक निर्णयहरु अनुमोदन सम्बन्धि प्रस्ताव बहुमतले पास गरियो ।

**तपशिल**

| बैठक संख्या | बैठक मिति | प्रस्ताव तथा निर्णयहरु |
|---|---|---|
| तेह्रौं बैठक | २०७९/१२/२४ | १.१२ औं कार्यपालिका बैठक समिक्षा सम्बन्धमा । |
| | | २. खेल मैदान निर्माण सम्बन्धमा । |
| | | ३.योजना माग सम्बन्धमा । |
| | | ४.पुर्णखोप सुनिश्चि सम्बन्धमा । |
| | | ५.धन्यवाद ज्ञापन सम्बन्धमा । |
| | | ६.अपाङ्गता परिचयपत्र वितरण तथा परिचयपत्र समिक्षा सम्बन्धमा । |
| | | ७.कर्मचारी पदपुर्ती सम्बन्धमा । |
| | | ८.गाउँपालिका रिङ रोड सर्भे सम्बन्धमा । |
| | | ९.गाउँपालिकाको लोगो निर्माण सम्बन्धमा । |

| | | |
|---|---|---|
| | | १०.योजना सिफारिश सम्बन्धमा । |
| | | ९.बिपद ब्यावस्थापन कोषबाट बजेट बिनियोजन सम्बन्धमा । |
| | | १०.नपुग रकम माग सम्बन्धमा । |
| चौधौ बैठक | २०८०/०१/१९ | १.१३ औं कार्यपालिका बैठक समिक्षा सम्बन्धमा । |
| | | २. आ.व. २०८०/०८१ बजेट सम्बन्धमा । |
| | | ३. माङ्तेवा स्वास्थ्य चौकीको जग्गा बिवाद सम्बन्धमा । |
| | | ४. लोवर अरुण बिद्युत परियोजना संग योजना माग सम्बन्धमा । |
| | | ५. योजना सन्चालन सम्बन्धमा । |
| | | ६.आगालागी भएको घर पुर्ननिर्माणका लागि सिफारिश गर्ने सम्बन्धमा । |
| | | ७. श्रममुलक योजना अनुमोदन सम्बन्धमा । |
| पन्ध्रौ बैठक | २०७९/०२/११ | १.आ.व. ०७९/८० को चौधौ कार्यपालिका बैठक समिक्षा सम्बन्धमा । |
| | | २.आा.व. २०७९/०८० को सार्वजनिक सुनुवाई, आ.व.२०८०/८१ को नीति कार्यकम तथा वजेट निर्माण कार्यकम तथा बजेट निर्माणका लागि सुझाव संकलन सम्बन्धमा । |
| | | ३.योजना तथा कार्यकम संझौता बन्द गर्ने सम्बन्धमा । |
| | | ४.लम्पि स्किन रोग नियन्त्रण सम्बन्धमा । |
| | | ५.कार्यबिधि, मापदण्ड तथा आधार अनुमोदन सम्बन्धमा । |
| | | ६.बुम्लिङटार देखि बुधबारे सडक सरसफाई सम्बन्धमा । |
| | | ७.लोगो डिजाईन सम्बन्धमा । |
| सोह्रौ बैठक | २०७९/०२/३१ | १.आ.व. ०७९/८० को पन्ध्रौ कार्यपालिका बैठक समिक्षा सम्बन्धमा । |
| | | २.खर्च अनुमोदन सम्बन्धमा । |
| | | ३.रकम भुक्तान सम्बन्धमा । |
| | | ४.सहयोग सम्बन्धमा । |
| | | ५.उपचार खर्च सम्बन्धमा । |
| | | ६.खर्च अनुमोदन सम्बन्धमा । |
| | | ७.आवश्यक उपकरण/सामाग्री खरिद साथै योजना माग सम्बन्धमा । |
| | | ८.सवारी साधन खर्च अनुमोदन सम्बन्धमा । |
| सत्रौ बैठक | २०८०/०३/०३ | १.आ.व. ०७९/८० को साह्रो कार्यपालिका बैठक समिक्षा सम्बन्धमा । |
| | | २.भु उपयोग वर्गीकरण सम्बन्धी नक्सा डाटा प्रतिबेदन सम्बन्धमा । |
| | | पशुको औषधी खरिद सम्बन्धमा । |
| अठारौं बैठक | २०८०/०३/०८ | १.आ.व. ०७९/८० को साह्रो कार्यपालिका बैठक समिक्षा सम्बन्धमा । |
| | | गाउँसभामा पेश गर्ने प्रस्ताव सम्बन्धमा । |
| | | |

**निर्णय नं.७**

वातेम्मा, खाम्खु, वाङटाङ, तोम्वे सम्म सडक निर्माण आयोजनाको रकम भुक्तान सम्बन्धमा ।

**प्रस्तावकः- वडा अध्यक्ष तथा आर्थिक बिकास समिति संयोजक, श्री ईश्वर राई**

प्रस्तावक श्री ईश्वर राईले पेश गर्नु भएको आ.व. २०७८/०७९ मा सिलीचोङ गाउँपालिका वडा नं.-५ याफुको लागि स्विकृ वातेम्मा, खाम्खु, वाङ्टाङ, तोम्वे सम्म सडक निर्माण आयोजना सन्चालनको लागि गाउँपालिकाले टेण्डर प्रकृया मार्फत श्री निउरेनी कन्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. पाँचखपन-७, सङ्खुवासभा संग ठेक्का नं. NCB-03-078/079 मा संझौता गरी योजना संचालन गरेकोमा योजना संचालन क्रममा बर्ख लागी पानी परेको र पानीको बहाव तथा बाढीका कारण सङ्खुवाखोलामा निर्माण गरिएको अस्थायी काठेपुल सङ्खुवाखोलाले बगाई डोजरमा प्रयोग हुने ईन्धन ढुवानी गर्न नसकी संझौता अवधी भित्र योजना सम्पन्न गर्न नसकिने भनी योजना सम्पन्न म्याद थपको लागि मिति २०७९/०२/०९ गते निर्माण कम्पनीले निबेदन दिएको हुदाँ सो उपर मिति २०७९/०४/०३ गते बसेको कार्यपालिकाको बैठक निर्णय नं.-११ ले उक्त फर्म संग सार्बजनिक खरिद ऐन २०६४ को नियम १२० क (बाह्रौ शंसोधन) बमोजिम म्याद थप गरी योजना संचालन गर्ने निर्णय गरेको र सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको गाउँसभाको १२ औं अधिबेशनले रु.१२०००००।- (अक्षरेपी बाह्र लाख रुपैया मात्र) बिनियोजन गरेको र उक्त बिनियोजित रकमबाट योजना सम्पन्न भई प्राबिधिक मुल्यांकन प्रतिबेदन बमोजिम रु.९०२६२९।- अक्षेपी नौ लाख दुई हजार उनन्तीस रुपैया मात्र भुक्तान भएको अनुमोदन गर्ने सर्बसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं.-८**

सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको पर्याटन बोर्डको स्थापना र ब्यावस्थापन गर्न बनेको ऐन २०८० अनुमोदन सम्बन्धमा ।

**प्रस्तावकः- सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको पर्याटन बोर्डको स्थापना र ब्यावस्थापन गर्न बनेको ऐन २०८० प्रस्तावक कार्यपालिका सदस्य श्री रेबिका रसाईली ।**

प्रस्तावक श्री श्री रेबिका रसाईलीले_पेश गर्नु भएको तपशिल बमोजिमको आ.ब.२०८०/०८१ को आर्थिक ऐन, नीति कार्यकम तथा बजेट सम्बन्धि प्रस्ताव बहुमतले पास गरियो ।

**प्रस्ताव नं.-९**

सिलीचोङ गाउँपालिका भित्र बोलिने सबै आदिबासी जनजातीका भाषाहरुलाई सिलीचोङ गाउँपालिका भित्र सरकारी कामकाज भाषाको रुपमा प्रयोग सम्बन्धमा ।

**प्रस्तावकः- सिलीचोङ गाउँपालिका वडा नं.-२ का वडा अध्यक्ष तथा सामाजिक बिकास समितिका समितिका संयोजक श्री मोहन सम्शेर राई**

प्रस्तावक श्री मोहन सम्शेर राईले पेश गर्नु भएका सिलीचोङ गाउँपालिका भित्र बसोवास गर्ने आदिवासी जनजातीहरुको मातृभाषाहरुलाई संरक्षण एवं जिवन्त राख्नको लागि सबै तपशिल बमोजिमका आदिवासी जनजातीहरुको भाषालाई सिलीचोङ गाउँपालिका भित्र सरकारी कामकाजको लागि मान्यता दिई प्रयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

१.कुलुङ २.मेवाहाङ ३.तामाङ ४.शेर्पा ५.वान्तावा ६.चाम्लिङ ७.साम्पाङ ८. थुलुङ ९.खालिङ १०.नेवार ११.दुमी

**प्रस्तावः-१०**

सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको लोगो अनुमोदन प्रस्ताव ।

**प्रस्तावः- सिलीचोङ गाउँपालिका वडा नं.-४ का वडा सदस्य तथा कार्यपालिका श्री लक्ष्मी बिश्वकर्मा**

प्रस्तावक श्री लक्ष्मी बिश्वकर्माले पेश गर्नु भएको सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रयोजनको लागि च.नं. १८०० पत्र, मिति २०८०/०२/१७ गतेको सुचना बमोजिम प्राप्त हुन आएको लोगो प्रतिस्पधी तथा डिजाईनर सिलीचोङ गाउँपालिका वडा नं.-२ निवासी श्री मनोज राईले डिजाईन गरेको लोगो सबै भन्दा उत्कृष्ट लोगोको रुपमा मिति २०८०/०३/०९ गतेका दिन बसेको १८ औं कार्यपालिका बैठकले केही परिमार्जन सहित छनौट गर्ने निर्णय गरी गाउँसभा समक्ष पेश हुन आएको हुदाँ उक्त लोगो पास गरी गाउँपालिकाले प्रयोगमा ल्याउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्तावः-११**

आ.व. ०७९/०८० को अपुग रकम बिनियोजन तथा भुक्तान सम्बन्धमा ।

**प्रस्तावकः-सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिका सदस्य एवं वडा नं.-४ का वडा सदस्य श्री शारदा कुमारी राई**

प्रस्तावक श्री शारदा कुमारी राईले पेश गर्नु भएको सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको गाउँसभाको १२ औं अधिबेशनले पास गरेको **याफु, वालेङ, याङ्देन, गोङ्ताला, दवाटक, खेम्पालुङ गुफा सडक योजना (क्रमागत)** मा रु.१३०००००।- (अक्षरेपी तेह्र लाख रुपैया मात्र ) बिनियोजन गरेको र उक्त बिनियोजित रकमबाट उपभोक्ता समितिले योजना सन्चालन तथा सम्पन्न गरी प्राबिधिक मुल्यांकन प्रतिबेदन बमोजिम हुन आउने रकम रु.१२८८५७४.७५ (अक्षरेपी बाह्र लाख अठासी हजार पाँच सय चौरहत्तर रुपैया पचहत्तर रुपैया मात्र) भुक्तानको लागि यस कार्यालयमा निबेदन पेश हुन आएकोमा उक्त सडक योजना कोशी प्रदेश सरकारको बित्तिय समानिकरण अनुदान अन्तर्गतको योजना भएको र उक्त रकम यस कार्यालयलाई प्राप्त हुन नआएको हुदाँ आगामी आ.व.२०८०/०८१ को आल्य बजेटबाट नियमानुसार कर कट्टा गरी भुक्तान दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव:- १२**

आ.ब.२०८०/०८१ को आर्थिक ऐन, नीति कार्यक्रम तथा बजेट सम्बन्धि प्रस्ताव

**प्रस्तावक: सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाका उपाध्यक्ष तथा राजस्व परामर्श समितिका संयोजक श्री देविता राई**

प्रस्तावक श्री देबिता राईले पेश गर्नु भएको तपशिल बमोजिमको आ.ब.२०८०/०८१ को आर्थिक ऐन, नीति कार्यक्रम तथा बजेट सम्बन्धि प्रस्ताव बहुमतले पास गरियो ।

तपशिल